| ८४. | २०८२।०३।०८ | राम प्रसाद ओझा | श्याम राज भट्ट | आवश्यक कारवाही गरी **पाउँ** । | **आवश्यक कारवाहीका लागि जिल्ला प्रहरी कार्यालयमा पठाईएको ।** | |
| ८५. | २०८२।०३।१० | शावित्री खत्री | करन भण्डारी | आवश्यक कारवाही गरी **पाउँ** । | **दुवै पक्ष झिकाई छलफल गराई मिलापत्र गराईएको ।** | |
| ८६. | २०८२।०३।११ | रमेश सिंह मल्ल | हिक्मत लिम्बु | आवश्यक कारवाही गरी रकम असुल उपर गराई **पाउँ** । | **दुवै पक्ष झिकाई छलफल गराई मिलापत्र गराईएको ।** | |
| ८७. | २०८२।०३।१२ | भरत प्रसाद अवस्थी | नवदुर्गा गा.पा. र निर्माण कम्पनी | आवश्यक कारवाही गरी **पाउँ** । | **आ.का. को लागि नवदुर्गा गा.पा. कार्यालयमा पठाईएको ।** | |
| ८८. | २०८२।०३।१५ | चेत बहादुर | लाल बहादुर | ज्याला रकम | **दुवै पक्ष झिकाई छलफल** | |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | देउवा | वोहरा | असुल उपर गराई पाउँ । | गराई मिलापत्र गराईएको । | |
| ८९. | २०८२।०३।२२ | अ.दु.अ.आ. टंगाल | स्थानीय व्यक्ति तथा संघ/संस्थाहरु डडेलधुरा । | निर्णय कार्यान्वयन गर्ने बारे । | अतिक्रमण गरिएको सरकारी /सार्वजनिक प्रति जग्गा तत्काल हटाई सो को जानकारी यस कार्यालयमा दिन भनि डिभिजन वन कार्यालय र जिल्ला प्रहरी कार्यालय डडेल्धुरा लाई निर्देशन दिईएको । | |
| ९०. | २०८२।०३।२४ | भिम सिंह डगौरा | किसन माझी | ज्याला रकम असुल उपर गराई पाउँ । | ज्याल रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गर्न जिल्ला प्रहरी कार्यालय डडेल्धुरालाई लेखी पठाईएको । | |
| ९१. | २०८२।०३।२५ | धर्मानन्द जोशी | विरेन्द्र बहादुर सांउद | आवश्यक कारवाही गरी पाउँ । | आवश्यक कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय डडेल्धुरालाई लेखी पठाईएको । | |

## ४.२: प्रशासनिक दण्ड जरिवाना असुलः-रु. १२,२६,११८।-

५)मिति २०८१।०४।०१ गते देखी २०८२ असाढ मसान्तसम्म विपद् भएको समयमा विभिन्न प्रकोपका कारण भौतिक तथा मानविय क्षति भएका व्यक्तिहरुलाई तत्काल उद्धार  र राहत वितरणको विवरण

| सि.नं. | नामथर | ठेगाना | घटना मिति | प्रकोपको प्रकार | प्रकोपबाट भएको क्षतिको विवरण तथा अन्दाजी रकम | बुझि लिएको राहत रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | मनु देवी टमटा | अमरगढी १ डडेल्धुरा | २०८१।०३।२१ | अबिरल बषाबाट घर क्षति भएको | २,००,०००।- | १०,०००।- | |
| २. | गौरी देवी कठायत | अमरगढी ७ डडेल्धुरा | २०८१।०३।२१ | पहिरोबाट घर क्षति भएको | ४,५०,०००।- | १०,०००।- | |
| ३. | भोज सिंह महता | अजयमेरु ५ डडेल्धुरा | २०८१।०३।२३ | पहिरोबाट घर क्षति भएको | १,५०,०००।- | ८,०००।- | |
| ४. | गौरी देवी दमाई | अजयमेरु ५ डडेल्धुरा | २०८१।०३।२३ | घर भत्कि क्षति | ७५,०००।- | ७,०००।- | |
| ५. | जमनी देवी दमाई | अमरगढी ८ डडेल्धुरा | २०८१।०३।२२ | घर भत्कि क्षति भएको | १,००,०००।- | ८,०००।- | |
| ६. | हरमती देवी वि.क. | नवदुर्गा ५ डडेल्धुरा | २०८१।०४।०६ | घर भत्कि क्षति भएको । | ५,००,०००।- | १५,०००।- | |
| ७. | कमल सिंह रैकाल | नवदुर्गा १ डडेल्धुरा | २०८१।०४।११ | घर भत्कि क्षति भएको । | अं.४,७५,०००।- | १२,०००।- | |

प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | ललिता देवी रावल | नवदुर्गा ४ डडेल्धुरा | २०८१।०३।२१ | घर भत्कि क्षति भएको । | ४,२५,०००।- | १२,०००।- | |
| ९. | गोदा देवी दमाई | नवदुर्गा १ डडेल्धुरा | २०८१।०३।२३ | घर भत्कि क्षति भएको । | ३,२०,०००।- | १०,०००।- | |
| १०. | प्रोजिका रावल | नवदुर्गा ४ डडेल्धुरा | २०८१।०४।१३ | घर भत्कि क्षति भएको । | ३,५०,०००।- | १२,०००।- | |
| ११ | शान्ति दमाई | अमरगढी ८ डडेल्धुरा | २०८१।०४।०३ | घर भत्कि क्षति भएको । | २०,०००।- | ८,०००।- | |
| १२. | पुजा रावल | नवदुर्गा ४ डडेल्धुरा | २०८१।०४।१६ | घर भत्कि क्षति भएको । | ७५,०००।- | १२,०००।- | |
| १३. | गरिमा नेपाली | गन्यापधुरा ३ डडेल्धुरा | २०८१।०४।१६ | घर भत्कि क्षति भएको । | ५६,०००।- | १०,०००।- | |
| १४. | राधिका देवी सांउद | नवदुर्गा २ डडेल्धुरा | २०८१।०४।१८ | घर भत्कि क्षति भएको । | ४९,०००।- | ८,०००।- | |
| १५. | धना देवी भट्टराई | अमरगढी ७ डडेल्धुरा | २०८१।०४।२६ | घर भत्कि क्षति भएको । | अबिरल बर्षाबाट घर क्षति मुल्य खुल्न नआएको । | १०,०००।- | |
| १६. | मैना देवी रुपाली | अमरगढी ११ डडेल्धुरा | २०८१।०४।२९ | घर भत्कि क्षति भएको । | ६५,०००।- | १२,०००।- | |
| १७. | पदम बहुदर ऐर | नवदुर्गा- डडेल्धुरा | २०८१।०४।०५ | वर्षाका कारण घर क्षति भएको । | १,५२,०००।- | १०,०००।- | |
| १८. | देव बहादुर पाल | अमरगढी- ११ डडेल्धुरा | २०८१।०५।०५ | वर्षाका कारण घर क्षति भएको । | ३०,०००।- | १०,०००।- | |
| १९. | राम बहादुर टमोटा | अमरगढी-५ डडेल्धुरा | २०८१।०५।०८ | वर्षाका कारण घर क्षति भएको । | ३५,०००।- | ७,०००।- | |
| २०. | टेक राज जोशी | अमरगढी-२ डडेल्धुरा | २०८१।०५।२९ | वर्षाका कारण घर क्षति भएको । | १,००,०००।- | १०,०००।- | |
| २१. | रविन्द्र ऐर | अजयमेरु डडेल्धुरा | २०८१।०५।२७ | वर्षाका कारण घर क्षति भएको । | घर चर्की क्षति भएको | १०,०००।- | |
| २२. | बहादुर सिंह साउद | अमरगढी- ३ डडेल्धुरा | २०८१।०५।२८ | वर्षाका कारण घर क्षति भएको । | ५०,०००।- | ८,०००।- | |
| २३. | दान बहादुर खड्का | अमरगढी डडेल्धुरा | २०८१।०५।२८ | वर्षाका कारण घर क्षति भएको । | ५,००,०००।- | ८,०००।- | |
| २४. | उद्धव बहादुर सुनार | अमरगढी-७ डडेल्धुरा | २०८१।०५।२६ | वर्षाका कारण घर क्षति भएको । | ८,०००।- | ८,०००।- | |
| २५. | खडक सार्की | अमरगढी-८ डडेल्धुरा | २०८१।०५।२८ | वर्षाका कारण घर क्षति भएको । | १०,०००।- | १०,०००।- | |
| २६. | टेक सार्की | अमरगढी-२ डडेल्धुरा | २०८१।०५।२७ | वर्षाका कारण घर क्षति भएको । | ४०,०००।- | ७,०००।- | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २७. | शुसलि मल्ल देउवा | अमरगढी-४ डडेल्धुरा | २०८१।०५।२७ | वर्षाका कारण घर क्षति भएको । | २,५०,०००।- | ५,०००।- | |
| २८. | मञ्जु वि.क. | अमरगढी-१ डडेल्धुरा | २०८१।०५।२८ | वर्षाका कारण घर क्षति भएको । | ९०,०००।- | १५,०००।- | |
| २९. | डुमरी देवी पार्की | अमरगढी-७ डडेल्धुरा | २०८१।०५।२८ | वर्षाका कारण घर क्षति भएको । | १,२५,०००।- | १२०००।- | |
| ३०. | गगने भुल | नवदुर्गा-२ डडेल्धुरा | २०८१।०५।२० | वर्षाका कारण घर क्षति भएको । | १७,०००।- | १५,०००।- | |
| ३१. | हर्क बहादुर खड्का | अमरगढी-५ डडेल्धुरा | २०८१।०५।२८ | वर्षाका कारण घर क्षति भएको । | २,१०,०००।- | ५,०००।- | |
| ३२. | मान बहादुर रावत | गन्यापधुरा डडेल्धुरा | २०८१।०५।२८ | वर्षाका कारण घर क्षति भएको । | घर भत्किइ क्षति भएको | ८,०००।- | |
| ३३. | जयन्ती बोहरा | अमरगढी-१ डडेल्धुरा | २०८१।०५।२७ | वर्षाका कारण घर क्षति भएको । | ३०,०००।- | ७,०००।- | |
| ३४. | ईन्द्रा देवी ऐर | अमरगढ-५ डडेल्धुरा | २०८१।०५।२८ | वर्षाका कारण घर क्षति भएको । | ८०,०००।- | १०,०००।- | |
| ३५. | कलस देवी लोहार | नवदुर्गा-१ डडेल्धुरा | २०८१।०५।२८ | वर्षाका कारण घर क्षति भएको । | ३,००,०००।- | १५,०००।- | |
| ३६. | शम्भुराज अवस्थी | अमरगढी डडेल्धुरा | २०८१।०५।२८ | वर्षाका कारण घर क्षति भएको । | २,००,०००।- | ५,०००।- | |
| ३७. | राम कामी | भागेश्वर-३, डडेल्धुरा | २०८१।०५।२९ | वर्षाका कारण घर क्षति भएको । | घर पूर्ण रुपमा क्षति भएको | १२,०००।- | |
| ३८. | पदमराज अवस्थी | नवदुर्गा | २०८१।०५।।२५ | वर्षाका कारण घर क्षति भएको । | ५३,८००।- | ८०००।- | |
| ३९. | गणेश बहादुर देउवा | गन्यापधुरा-३, डडेल्धुरा | २०८१।०५।२८ | वर्षाका कारण घर क्षति भएको । | १८,५००।- | ७५००।- | |
| ४०. | टिका ढोली | गन्यापधुरा-३ डडेल्धुरा | २०८१।०६।०१ | वर्षाका कारण घर क्षति भएको । | २,६५,०००।- | १५,०००।- | |
| ४१. | पदम राज उप्रेती | नवदुर्गा-३ डडेल्धुरा | २०८१।०५।२८ | वर्षाका कारण घर क्षति भएको । | ७६,०००।- | १२,०००।- | |
| ४२. | जय बहादुर बोहरा | नवदुर्गा-३ डडेल्धुरा | २०८१।०६।०२ | वर्षाका कारण घर क्षति भएको । | १,११,०००।- | १२,०००।- | |
| ४३. | यशोदा भूल | गन्यापधुरा-३ डडेल्धुरा | २०८१।०६।०९ | वर्षाका कारण घर क्षति भएको । | ७०००।- | ५०००।- | |
| ४४. | मुन्नी देवी भण्डारी | गन्यापधुरा-२, डडेल्धुरा | २०८१।०४।३२ | वर्षाका कारण घर क्षति भएको । | घर पूर्ण क्षति भएको | १५,०००।- | |
| ४५. | इश्वरी देवी पाल | गन्यापधुरा-२, डडेल्धुरा | २०८१।०५।२८ | वर्षाका कारण घर क्षति भएको । | घर पूर्ण क्षति भएको | २०,०००।- | |
| ४६. | देव बहादुर देउवा | गन्यापधुरा-२, डडेल्धुरा | २०८१।०५।२८ | वर्षाका कारण घर क्षति भएको । | घर पूर्ण क्षति भएको | २०,०००।- | |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४७. | चन्द्रा देवी पनेरु | परशुराम ४ डडेल्धुरा | २०८१।०३।२२ | पहिरो | पहिरोबाट नवराज पनेरुको मृत्यु | २,००,०००।- | |
| ४८. | रत्वा धामी | परशुराम ८ डडेल्धुरा | २०८१।०५।२८ | वाढी | वाढीबाट प्रतिमा धामीलाई बगाई बेपत्ता | २,००,०००।- | |
| ४९. | दुर्गा देवी खड्का | अमरगढी ११ डडेल्धुरा | २०८१।०५।०७ | बर्षा | ५०,०००।- | ५,०००।- | |
| ५०. | प्रेम राज चटौत | भागेश्वर ४ डडेल्धुरा | २०८१।०८।०८ | आगलागि | ५४,०२,०८०।- | २०,०००।- | |
| ५१. | विर बहादुर सांउद | अमरगढी ३ डडेल्धुरा | २०८१।०४।२५ | आगलागि | ७७,२००।- | १५,०००।- | |
| ५२. | बिक्रम सिंह सांउद | भागेश्वर ४ डडेल्धुरा | २०८१।०९।०६ | चट्याङ | विधुत मिटर लगायतमा क्षति | १०,०००।- | |
| ५३. | पदम बहादुर दियाल | गन्यापधुरा १ डडेल्धुरा | २०८१।१२।२९ | बर्षा | बर्षाका कारण घर क्षति | ८,०००।- | |
| ५४. | राज बहादुर बोहरा | अमरगढी १ डडेल्धुरा | २०८२।०२।०५ | हावाहुरी | अं. ७५,०००।- | १५,०००।- | |
| ५५. | डम्बर बहादुर रावल | नवदुर्गा ४ डडेल्धुरा | २०८२।०२।०५ | हावाहुरी | अं. १९,०००।- | ५,०००।- | |
| ५६. | खण्डी देवी दमाई | नवदुर्गा ४ डडेल्धुरा | २०८२।०२।०५ | हावाहुरी | अं. ३२,०००।- | १०,०००।- | |
| ५७. | बाटु देवी दमाई | नवदुर्गा ४ डडेल्धुरा | २०८२।०२।०५ | हावाहुरी | अं. ३२,०००।- | १०,०००।- | |
| ५८. | मदन बहादुर विष्ट | नवदुर्गा ४ डडेल्धुरा | २०८२।०२।०५ | हावाहुरी | अं. १,२०,०००।- | १२,०००।- | |
| ५९. | लाल भूल | नवदुर्गा ४ डडेल्धुरा | २०८२।०२।०५ | हावाहुरी | अं. ५,१६,,०००।- | १५,०००।- | |
| ६०. | रतन कामी | आलिताल ६ डडेल्धुरा | २०८२।०२।०७ | हावाहुरी | रविना कामीको मृत्यू | २,००,०००।- | |
| ६१. | भुवनेश्वरी सिंह रितु भारती | परशुराम ६ डडेल्धुरा | २०८२।०३।२५ | अबिरल बर्षाका कारण खोलामा बाढी आई बिच खोलामा थुनिएको । | तत्काल सुरक्षाककर्मीको टोलीले बिच खोलाबाट निजहरुलाई सकुशल बाहिर निकाली उद्धार गरेको । | - | |

## ७) यस कार्यालयको विभिन्न शिर्षकमा विनियोजन भएको वार्षिक बजेट, खर्च र राजश्वको विवरण:

| बजेट शिर्षक | वार्षिक बजेट | निकाशा | खर्च | कैफियत |
|---|---|---|---|---|
| चालु खर्च | २,०३,९५,०००।- | १,७२,६०,१४७।७८ | १,७२,६०,१४७।७८ | |
| पुजीगत खर्च | २७,६०,०००।- | २६,२८,४६५।- | २६,२८,४६५।- | |
| कुल जम्मा: | **२,३१,५५,०००।-** | **१,९८,८८,६१२।७८** | **१,९८,८८,६१२।७८** | |

## यस कार्यालयबाट असुली गरेको राजश्व विवरण:

| विवरण | रकम |
|---|---|
| राहदानी वापत | ८२,५२,५००।- |
| सरकारी सम्पत्ति बेचबिखन (लिलाम बिक्री) | - |

प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

| | |
|---|---|
| संघ संस्था दर्ता/नवीकरण | १,३३,९५०।- |
| परीक्षा शुल्क | - |
| प्रशासनिक दण्ड जरिवाना | १२,२६,११८।- |
| हातहतियार नवीकरण | १९८,८७५।- |
| **जम्मा:** | **९८,११,४४३।-** |

८) यस जिल्लाको शान्ति सुरक्षा अमनचयन कायम राखी आम सर्वसाधारण जनताको जीउ धनको उचित सुरक्षा प्रवन्ध मिलाउन हाल जिल्लामा रहेको मौजुदा सुरक्षा निकायहरुलाई समन्वयात्मक ढंगले परिचालन गराई भरपर्दो त्रुटीरहित सुरक्षा व्यवस्था मिलाईएको छ ।

९) **सडकको निर्माण तथा सुधार कार्य:** सडक भिजिन कुलपाते अन्तर्गत यस जिल्लामा सञ्चालित भात्काडा रेल सडकको ठेक्का भई निर्माण कार्य सुरु हुन नसकी अवरुद्ध भई रहेकोमा प्र.जि.अ.को पहलमा सो सडकको निर्माण सञ्चालन गरी हाल निर्माणाधिन अवस्थामा रहेको छ र यस जिल्लाको सदरमुकाममा रहेको साघुरो सडकका कारण यातायात सेवामा भएको असहज अवस्थालाई मध्यनजर राखी यस जिल्लाको बागबजारको जिरो प्वाईन्ट देखी उग्रतारा मन्दिरको मुल गेट सम्मको सडक दांयाबांया १५/१५ मिटरमा रहेको घरजग्गाहरुको मुआब्जा निर्धारण गरी पिडित व्यक्ति परिवाहरुलाई मुआब्जा वितरण गर्ने कार्य सम्पन्न गरिएको छ र सो सडक खण्डमा पर्ने घर जग्गा खाली गर्ने कममा रहेको छ ।

१०)यस कार्यालयबाट गत विगत आ.व.मा फैसला भएका मुद्दाहरुमा बक्यौता रहेको दण्ड जरिवाना रकम असुल उपर गर्ने कार्यलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।

११) राष्ट्रिय परिचय पत्रका लागि विवरण दर्ता गर्न आउने बृद्ध बृद्धाका लागि निशुल्क रुपमा स्वास्थ्य परिक्षण गर्न डडेल्धुरा अस्पतालसंग समन्वय गरी जिल्ला प्रशासन कार्यालय भित्रै स्वास्थ्य सिविर सञ्चालन गरिएको छ ।

१२)यस जिल्लाको परशुराम न.पा. वडा नं. ५ स्थित श्री भूवनेश्वरी नमूना माध्यमिक विद्यालय परिगांउको विगत देखी विद्यालयको हकभोग वाहिर रहेको १३४ वटा कित्ता भित्रको ११३-१५-०-१ रोपनी क्षेत्रफलको जग्गा अतिक्रमण हटाई उक्त विद्यालयको स्वामित्वमा ल्याईएको छ ।

१३)**मन**सुनी बर्षाका कारण अवरुद्ध रहेको भिम दत्त राजमार्ग, डा. के.आई.सिंह राजमार्ग, बुडर जोगबुडा राजमार्ग लगायत यस जिल्ला भित्रका अन्य मुख्य तथा सहायक राजमार्ग र ग्रामिण सडकहरु समेत सरोकारवालासंग समन्वय गरी अवरुद्ध सडक/राजमार्गहरुलाई तत्काल सुचारु गरी यातायात सेवा सञ्चालनमा ल्याइएको छ ।

**१४) समस्या तथा सुझावहरु:**

- जिल्लामा समग्र शान्ति सुरक्षाको अवस्था सामान्य रहे तापनि समय समयमा हुने राजनैतिक असमझदारीका कारण जनतामा एक किसिमको मनोवैज्ञानिक संन्त्रास उत्पन्न भएको देखिन्छ । सबै जसो विकास निर्माणका कार्यहरु समझदारी र मेलमिलापका साथ सम्पन्न भएका छन् भने कुनै योजनाहरु गाउँ स्तरमा साधारण विवादका कारण विवादित भएको देखिन्छ । यस्ता किसमका विवादहरु सामाधान गर्न सर्वपक्षीय रुपमा छलफल गरि विवादित योजनाहरुलाई स्थलगत निरिक्षण गरी समस्या सामाधान गर्ने प्रयास गरिएको छ । प्रचलित कानून विपरित भएका काम कारवाही उपर कानून बमोजिम कारवाही भएको छ ।
- यस जिल्लाको भित्री मधेश क्षेत्रमा पर्ने रंगुन खोलाले प्रत्येक वर्षको वर्षायाममा बाढी तथा नदी कटानले बर्षेनी पुऱ्याउने करोडौंको जनधनको क्षतीको न्यूनीकरणका लागि नदी नियन्त्रण लगायत बृक्षारोपणका कार्य गर्नु पर्ने देखिन्छ ।

प्रमुख जिल्ला अधिकारी

- ➢ यस जिल्लाको आधा जनसंख्या रहेको भित्री मधेश स्थित साविक जोगबुडा, शिर्ष, आलिताल गा.वि.स हाल परशुराम न.पा. र आलिताल गा.पा. क्षेत्रमा जाने आउने एकमात्र बाटो बुडर-जोगबुडा कच्ची बाटोमा बाढी पहिरोले आवागमनमा बारम्बार बाधा पुऱ्याउने गरेकोले उक्त बाटो पक्की गर्दै उक्त सडकलाई पहाडी मार्गबाट तराई जोड्ने बैकल्पिक सडकको रुपमा कंचनपुरको दैजी सम्म पक्कि सडक बनाइनु पर्ने देखिन्छ ।
- ➢ यस जिल्लाका सबै स्थानीय तहहरुले आ-आफ्नो क्षेत्रमा डोजरको प्रयोग गरी सडक निर्माण गर्ने कार्यले वातावरणमा ठूलो असर पर्नुका साथै पानीका मूलहरु सुक्ने र राष्ट्रिय राजमार्ग तथा महत्वपुर्ण राजमार्गमा ठूलो क्षति, बर्षायाममा बाढी पहिरो गई ठूलो धनजनको क्षति हुने प्रवल संभावना रहेकाले तत्काल यस तर्फ सचेत रही गुरु योजना निर्माण गरेर मात्र सडक निर्माण कार्य गर्नु पर्ने देखिन्छ ।
- ➢ सार्वजनिक पर्ती जग्गा संरक्षण तथा अतिक्रमण हटाउन स्थानीय तहसंग समन्वय गरी कार्य अगाडी बढाउदा समेत अझै प्रभावकारी हुन नसकेकाले यस सम्बन्धमा स्थानीय तहहरुलाई बढी जिम्मेबार बनाईएमा सार्वजनिक पर्ती जग्गा संरक्षण तथा अतिक्रमण हटाउन/खाली गर्न सहज हुने देखिन्छ ।

**१५) अन्य चुनौतीहरु**

- ❖ भित्री मधेश क्षेत्रका बिशेष गरी आलीताल गाउपालिका र परशुराम न.पा. क्षेत्रमा अन्य पहाडी जिल्लाबाट बसाइ सराई गरी बसोबास गर्ने ठूलो रोगका कारण वन जंगल अतिक्रमण हुनका साथै वन बिनाश हुदै गएकाले बसाइ सराईलाई व्यवस्थित गराईनु पर्ने देखिन्छ । यस्ता बसाइ सरी आउने विविध खाले समुदाय तथा पृथक पृथक पृष्ठभूमीबाट आएका व्यक्तिहरु हुने भएकाले असमझदारी, झगडा तथा अपराधिक गतिबिधिहरु बढिरहेका छन ।
- ❖ यस जिल्लामा दलित तथा हलिया समुदायको उल्लेख्य जनसंख्या रहेकोले उक्त समुदायमा बिद्यमान गरिबी, अशिक्षा, कमजोर चेतनास्तर तथा परम्परागत खानपीनका कारण आर्थिक अवस्थालाई माथी उठाउन कठिन भएको ।
- ❖ यस जिल्लाको झण्डै ७५ प्रतिशत भूभाग जंगलले ढाकिएकोले विपद् सम्बन्धि चुनौती अन्तर्गत आगजनी, डढेलो, विद्युत सट, बन्यजन्तुको आक्रमण लगायतका समस्या रहेका छन् ।
- ❖ बिद्युत तथा टेलीफोन सेबामा प्रायः जसो प्राबिधिक तथा प्राकृतिक कारणले भैरहने अवरोध ।
- ❖ प्रत्येक बर्ष बर्षायाममा बिशेषगरी भित्री मधेश क्षेत्रमा आउने बाढी पहिरो तथा हिउद याममा धनगढी डडेल्धुरा राजमार्ग (भिमदत्त राजमार्ग, डा.के.आई.सिंह राजमार्ग तथा दशरथ चन्द राजमार्गमा पटक-पटक पर्ने बाक्लो हिमपातको प्रकोप ।
- ❖ ट्राफिक प्रहरीको न्यून संख्याको कारणले बढ्दो ट्राफिक नियमको उल्लङ्घन तथा बढीरहेको सवारी दुर्घटना उपर न्यूनिकरण गर्न आवश्यक नियन्त्रण तथा अनुगमनमा कठिनाइ ।
- ❖ जिल्लामा वन फडानीलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न तथा अनियमितता उपर कारवाही हुन यस कार्यालयबाट गरिएका अनुरोध, सिफारिसहरु उपर कार्यान्वयनमा सम्बन्धित निकायको ध्यान जानु जरुरी देखिन्छ ।
- ❖ यस जिल्लामा स्थापना भएको डडेल्धुरा अस्पताल यस प्रदेशमा रहेका ७ वटा पहाडी जिल्लाको केन्द्रमा रहेको सेवा प्रवाह समेत ७ वटै जिल्लाका बासिन्दाहरुले लिने गरेको परिप्रेक्ष्यमा उक्त अस्पतालमा आवश्यक उपकरण र दक्ष जनशक्तिको अभावले स्वास्थ्य सेवा प्रभावित भई सर्वसाधारणले ठूलो सास्ती खेप्नु परेको छ ।
- ❖ विगतको सशस्त्र द्वन्दको क्रममा आम सर्वसाधारणले राज्यको आवहानमा बुझाईएका इजाजत प्राप्त हतियार हालसम्म फिर्ता हुन नसकेको र त्यस्ता हातहतियारहरु नविकरण समेत गर्न नसकेकोले आम सर्व साधारणहरुको गुनासो दिन प्रतिदिन बढ्दै गएको र स्थानीय तहहरुलाई हातहतियार नविकरण गर्ने अधिकार

प्रमुख जिल्ला अधिकारी

नभए पनि हालसम्म पनि कतिपय इजाजत प्राप्त हतियारहरु स्थानीय तहबाटै नविकरण भई यसै आ.व. बाट नविकरण गर्न यस कार्यालयमा आउने इजाजत पत्र नविकरण गर्दा साविकमा गरिएको नविकरणलाई मान्यता दिने नदिने सम्बन्धमा द्बिविधा सृजना भई इजाज पत्र नविकरण गर्न कठिनाई उत्पन्न भएको छ ।

**१६) समस्या र समाधानका लागि गरिएका प्रयासहरु :**

क) **कार्यालय प्रमुखको बैठक :** प्रत्येक महिनाको पहिलो हप्ताभित्रमा कार्यालय प्रमुखको बैठकको आयोजना गरी कार्यालयका विद्यमान समस्याहरु र समाधानका उपायहरु, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त नीति निर्देशनहरु सम्बन्धमा जानकारी, कार्यालयका कार्यक्रम र प्रगति र जिल्लाका समसामयिक विषयहरुमा छलफल गरी अघिल्ला बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था तथा प्रगती बारे बैठकमा छलफल तथा आगामी दिनका लागि रणनीति तय गरी विभिन्न निर्णय गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।

ख. **कार्यालय कर्मचारी बैठक :** प्रत्येक महिनाको १ पटक जिल्ला प्रशासन कार्यालयका सम्पूर्ण कर्मचारीहरु उपस्थित भै कार्यालयको वार्षिक कार्ययोजना, भौतिक अवस्था, सुधारका सम्भावना, कर्मचारीका व्यक्तिगत समस्याहरु, आचरण, अनुशासन र कार्यालयबाट प्रवाह गरिने सेवाहरुका सम्बन्धमा छलफल तथा निर्णयहरु गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।

ग. **गै.स.स.हरुको Profile तयारी :** डडेल्धुरा जिल्लामा दर्ता भै हालसम्म नविकरण गरिएका गै.स.स.हरुको नाम, ठेगाना, दर्ता मिति, मूख्य कार्यक्षेत्र, उद्देश्य, एवं आ.व. २०८१/०८२ मा प्रस्तावित कार्यक्रमहरुको विवरण र संचालित कार्यक्रमहरुको अवस्था बारेको गै.स.स. Profile तयार गरिएको छ र विगत ५ बर्ष देखि नविकरण तथा प्रगती विवरण पेश नगर्ने ३०७ वटा गै.स.स.हरु खारेज गरी कार्यालयको अभिलेख व्यवस्थापन गरिएको छ ।

घ. **समयभित्र सम्पन्न हुन नसकेका रुग्ण आयोजनाहरुको विवरण संकलन :** यस जिल्ला भित्र विभिन्न निकायहरुद्वारा संचालित विकास आयोजनाहरु मध्ये समय भित्र सम्पन्न हुन नसकी रुग्ण बन्न पुगेका आयोजनाहरुको विवरण संकलन गरी सम्बन्धित पक्षहरुसँग छलफल गरी आयोजना पुनः सुचारु गरी सम्पन्न हुने वातावरण निर्माण गर्ने प्रयास गरिएको छ ।

ङ. **सूचना अधिकारीहरुको बैठक र सञ्चार कार्य :** यस जिल्लाका सम्पूर्ण कार्यालय (सार्वजनिक संस्थान समेत) मा तोकिएका सूचना अधिकारीहरु र सञ्चारकर्मीहरुको बैठक प्रत्येक ३/३महिनामा बस्ने गरी निर्णय भई सो बमोजिम बैठक आयोजना गरी सूचनाको हक सम्बन्धी ऐन र नियमावली बमोजिम सूचना अधिकारीले निर्वाह गर्नुपर्ने भूमिका र दायित्व विषयमा सू-सूचित गरिएको साथै सूचना अधिकारीहरुको विवरण अद्यावधिक गरी जिल्ला प्रशासन कार्यालयको web page मार्फत समेत सार्वजनिक गरिएको छ ।

च. **स्थानीय तहका प्रमुख र सुरक्षा निकायका प्रमुखहरु बिच समन्वय बैठक सम्पन्न :** यस जिल्लाका ७ (सात) वटै स्थानीय तहहरुसंग सबै सुरक्षा निकायका प्रमुखहरु सहितको समन्वय बैठक आयोजना गरी जिल्लामा शान्ति सुरक्षा अमनचयन कायम गर्ने, विकास निर्माणलाई थप प्रभावकारी बनाउने, विभिन्न किसिमका सरुवा रोगको रोकथाम र नियन्त्रणका थप उपायहरु अबलम्बन गर्ने, सार्वजनिक जग्गा र सम्पत्तिहरुको संरक्षण गर्ने, प्राकृतिक स्रोत साधनको उचित संरक्षण र परिचालन गर्ने तथा दुरुपयोग हुन नदिने, जुवातास, लागु औषध, अवैध मदिरा नियन्त्रण गर्ने लगायतका विषयमा छलफल तथा निर्णयहरु भई कार्यान्वयनमा तिव्रता दिईएको छ ।

छ. **सर्वपक्षीय बैठक :** लागु औषधको सेवन, बिक्री बितरण तथा ओसार पसारलाई पूर्ण रुपले बन्देज गर्न तथा लागु औषधले समाजमा पुर्‍याएको अपराधिकरणलाई न्यूनिकरण गर्न जिल्लामा उपस्थित राजनीतिक दल, नागरिक समाज, पत्रकार, सर्वसाधारण तथा सरोकारवाला निकायका पदाधिकारीहरुको सहभागितामा विस्तृत छलफल भई यस जिल्लालाई लागु औषधको सेवन, विक्री वितरण तथा ओसार पसारलाई बन्द गर्न आ-आफ्नो तर्फबाट साथ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सोही बैठकबाट जिल्लामा लागु औषध नियन्त्रण लगायतका गैरकानुनी काम कारवाहीलाई निरुत्साहित गर्ने कार्यमा महत्वपूर्ण सहयोग पुगेको छ

प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

ज. **कार्यालयलाई थप सेवाग्राही मैत्री बनाइदै :** जिल्ला प्रशासन कार्यालय, डडेल्धुरामा सेवा लिन आउने नागरिकहरुको हित र सुविधालाई ध्यानमा राखी अधिकतम सेवाग्राही मैत्री कार्यालय बनाउने प्रयास स्वरुप, तातो चिसो पिउने पानीको व्यवस्था, कार्यालय परिसरलाई Free WiFi Zone, सेवाग्राही प्रतिक्षालय, Help Desk, चार्जिङ स्टेशन, हुलाक टिकट काउन्टर, स्तनपान कक्ष, लिखित र Digital नागरिक वडापत्रको व्यवस्था, राष्ट्रिय परिचय पत्र लिन आउने सेवाग्राहीका लागि यस कार्यालयबाट निःसुल्क रुपमा फाराम भर्ने व्यवस्था मिलाइनुका साथै सेवाग्राही सन्तुष्टी सर्वेक्षणका लागि आफ्नो कार्यालयसंग सम्बन्धित सेवाहरुलाई मध्यनजर गरी निश्चित फाराम तयार गरी कार्यालय हाता भित्र सेवाग्राही सन्तुष्टी सर्वेक्षणका लागि पेटिकाको व्यवस्था गरी सुझाव संकलन गरी सोही अनुसार सेवा प्रवाहलाई प्रभावकारी बनाईएको छ ।

झ.यस जिल्लामा रहेको मुख्य मुख्य मुख्य राजमार्गहरुमा मनसुनी बर्षाका कारण आउने बाढी पहिरो तथा हिउदयाममा परेको हिमपातका कारण अबरुद्ध हुना साथ स्थानीय तहहरुसंग समन्वय गरी तत्काल डोजर र जनशक्ति परिचालन गराई सो सडक खण्डहरुमा तत्काल यातायात सेवालाई सूचारु गरिएको छ ।

ञ. हिमपात र चिसो कारण यस जिल्लाका सर्वसाधारणको स्वास्थ्यमा प्रतिकुल असर नपर्ने व्यवस्थाका लागि यस जिल्लाका सवै पालिकाहरुसंग समन्वय गरी राहत उद्धार तथा सचेतना मुलक कार्यक्रमहरु गरिएका छ ।

**ट. BOP स्थापना :** डडेल्धुरा जिल्लाको भारतसँग सीमानामा पर्ने परशुराम न.पा. वडा नं. ८ र भागेश्वर गा.पा. वडा नं. १ गरी थप दुई स्थानमा BOP स्थापना भएको र सो को लागि स्थानीय तह सँगको समन्वयमा तत्काल भवन र अन्य न्यूनतम पूर्वाधार र साधन स्रोत व्यवस्थापन गरिएको साथै BOP को संख्या कुल ५ वटा पुऱ्याईएको छ । BOP तातापानीका लागि यसै आ.व.मा जग्गा खरिद गरी भवन निर्माण हुने क्रममा रहेको छ ।

ठ.मनसुन, शितलहर, आगलागि , चट्याङ, महामारी आँधी प्रतिकार्य आपतकालिन कार्य योजना, २०८२ तयार पारी कार्यान्वयनमा ल्याईएको छ । DPRP २०८१ लाई परिमार्जित हुने कार्य थालनी गरिएको छ । संभावित विपद ब्यवस्थापनका लागि जिल्ला प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, स्थानिय विपद् व्यवस्थापन समिति, सवै स्थानिय तहहरु, पत्रकार, नागरिक समाज, जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतका सवै कलष्टरहरुलाई तयारी अवस्थामा राखिएको छ ।

ड. जिल्लाको शान्ति सुरक्षाको अवस्थालाई मध्यनजर गरी आवश्यकता अनुसार जिल्ला सुरक्षा समितिको बैठक राखी सुरक्षाको उचित प्रवन्ध मिलाईएको छ ।

ढ. सरकारी निकायबाट जनतालाई प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी वनाउन जिल्ला स्थित सरकारी र गैह्र सरकारी निकायहरुको आवश्यकता अनुसार निरीक्षण अनुगमन भैरहेको छ ।

ण. स्थानीय तहहरुबाट हुने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन जि.स.स./न.पा. तथा गांउपालिकाका प्रमुख एवं प्रमुख प्रशासकिय अधिकृतज्यूसंग पटक पटक समन्वय बैठक राखी आवश्यक निर्णय गराई कार्यान्वयनको पहल भएको ।

त. फोहरमैला व्यवस्थापन, खानेपानी वितरण, वन फडानी नियन्त्रण, बजार अनुगमन, विद्युत आपुर्ति, मदिरा नियन्त्रण, लागु औषध नियन्त्रण आदि विषयमा कार्ययोजना बनाई सरोकारवालासंग आवश्यक अन्तरकृया/बैठक गरी विभिन्न निर्णयहरु गराई कार्यान्वयंनको पहल गरिएको छ ।

थ. यस जिल्लाका सवै स्थानीय तहहरुमा कम्तिमा एक पटक शान्ति सुरक्षा, अपराध नियन्त्रण, सेवा प्रवाह, सिफारिस सम्बन्धि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिएका छन ।

द. लागु औषध नियन्त्रण, नियमन, बिक्री बितरण ओसार पसारलाई यस जिल्लामा पूर्ण रुपमा रोक लगाउन नियन्त्रण नियमन गर्न गर्न ठांउ ठांउमा सचेतना मुलक कार्यक्रम, अन्तक्रिया, गस्ति पेट्रोलिङलाई बढावा दिईएको छ ।

प्रमुख जिल्ला अधिकारी

ध. सवारी दुर्घटनालाई न्यूनिकरण तथा यातायात सेवालाई सहज र सरल बनाउन राजमार्ग चेकजांचलाई प्रभावकारी बनाईएको छ ।

न. डडेल्धुरा अस्पताललाई विमाको प्रथम विन्दु सेवा दिनबाट हटाईएकोमा सर्वदलिय सर्वपक्षिय बैठक वसी सवै स्थानीय तहमा आधारभूत अस्पताल निर्माण नहुँदा सम्म प्रथम विन्दु सेवा कायम राख्न अनुरोध गरिएको र विमा बोर्डबाट आगामी असोज मसान्तसम्म प्रथम विन्दुको सेवा प्रदान गर्न स्वीकृति प्राप्त भएको ।

**१७) सारांश :**

जिल्लामा शान्ति सुरक्षाको अवस्थालाई थप सुदृढ गर्न सरकारी तथा गैर सरकारी निकायबाट हुने सेवा प्रवाहलाई थप जनमुखी एवं एकद्धार प्रणालीबाट सरल छिटो छरितो, पारदर्शी बनाउन तथा विकास निर्माणको कार्यक्रमलाई प्रभावकारी रुपले कार्यान्वयन गर्न सरोकारवाला निकाय/पदाधिकारी विच बैठक अन्तरकृया छलफल गरी आवश्यक निर्णय गराई कार्यक्रमको अनुगमन मुल्यांकन भै रहेको छ । जिल्लामा राजनैतिक दल, नागरिक समाज, पत्रकार उद्योगी व्यापारी बीच सर्वपक्षीय बैठक राखी सुझाव लिई जिल्लामा सुशासन कायम गर्न आवश्यकता अनुसार कार्ययोजना वनाई कार्यान्वयन गर्न प्रयत्न गरिएको छ ।

**तयार गर्ने:**
चन्द्र बहादुर रोकाया
ना.सु.
जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा ।

**प्रमाणित गर्ने:**
जनार्दन गौतम
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा

प्रमुख जिल्ला अधिकारी